कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

**प.नि.का.च.नं.......................२०७९/८०**

मिति:२०७९।०५।०६

## मौका परीक्षाको ONLINE परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७६/०७७ मा संचालित **B.Sc.Ag.** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले प्रथम सेमेष्टरको मौका परीक्षामा सम्मिलित हुन मिति २०७९/०५/०७ देखि मिति २०७९/०५/१८ गते राती १२:०० बजे अगावै नियमित शुल्क र मिति २०७९/०५/१९ देखि मिति २०७९/०५/२१ गते राती १२:०० बजे अगावै बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा आवेदन फाराम **form.afu.edu.np** मा उपलब्ध हुनेछ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो upload गर्नु पर्नेछ ।

२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले बुझाउनु पर्नेछ । सम्बन्धन प्राप्त कलेजको हकमा परीक्षा शुल्क रु. २०००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको समय अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७९ साल भदौ १९ गते | रु.३००।- |
| २०७९ साल भदौ २० गते | रु.५००।- |
| २०७९ साल भदौ २१ गते | रु.११००।- |

परीक्षा आवेदन फाराम भर्ने **Portal** को **Online Payment Link** बाट मात्रै परीक्षा शुल्क रकम भुक्तानी गर्नु पर्नेछ ।

३. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु भन्दा २ (दुई) दिन अगाडि विद्यार्थी स्वयम्ले download गर्न सक्नेछ

५. उक्त फाराम भर्ने क्रममा कुनै समस्या आएमा वा त्रुटि भएमा सम्बन्धित संकायमा सम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.........................................

प्रा.डा. शुनिला राई
परीक्षा नियन्त्रक
**परीक्षा नियन्त्रक**